# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# ऐन, २०३९

*(मिति २०७४ साल जेठ मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९

लालमोहर र प्रकाशन मिति
२०३९।६।११

संशोधन गर्ने ऐन — प्रमाणीकरण र प्रकाशन मिति

गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ — २०६६।१०।७

२०३९ सालको ऐन नं. ४

✂.....................

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : सरकारी निकाय र संस्थानहरुको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्ने उद्देश्यले त्यस्ता निकाय र संस्थानहरुको जनशक्तिलाई योजनाबद्ध तरिकाले प्रशिक्षणको व्यवस्था गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान स्थापना र सञ्चालन गर्नको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम “नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “प्रतिष्ठान” भन्नाले दफा ३ बमोजिमको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) “परिषद्” भन्नाले दफा ७ बमोजिमको प्रशिक्षण परिषद् (गभर्निङ्ग काउन्सिल) सम्झनु पर्छ ।

(ग) “समिति” भन्नाले दफा ९ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून तथा संसदीय मामिला मन्त्रालय

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ११ को उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ङ) "संस्थान" भन्नाले नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको सङ्गठित संस्था वा त्यस्तो संस्थाको स्वामित्व वा नियन्त्रण भएको अन्य संस्था समेत सम्झनु पर्छ ।

(च) "तोकिएको" वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद - २

## नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको स्थापना, उद्देश्य र नीति

३. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको स्थापना : (१) नेपालमा प्रशासन एवं व्यवस्थापन सम्बन्धी विषयमा उच्चस्तरीय प्रशिक्षणको व्यवस्था गर्नको लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएको छ ।

(२) प्रतिष्ठानलाई अंग्रेजी भाषामा "नेपाल एडमिनिष्ट्रेटिभ स्टाफ कलेज" भनिनेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भएको नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

४. प्रतिष्ठान सङ्गठित संस्था हुने : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि व्यक्ति सरह नालिस उजूर लाग्न सक्नेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानको आफ्नो कार्य सञ्चालन र व्यवस्थापनको सम्बन्धमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियमद्वारा व्यवस्थित कार्य प्रणाली अनुसार हुनेछ ।

५. प्रतिष्ठानको उद्देश्य : प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकारको र संस्थानको कर्मचारीको लागि आवश्यक पर्ने प्रशिक्षणको व्यवस्था गर्ने ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) देशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन नेपाल सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सक्षम बनाउने उपाय गर्ने ।

(ग) प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका निमित्त समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

६. प्रशिक्षण सम्बन्धी नीति : प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण सम्बन्धी नीति देहाय बमोजिम हुनेछ :-

(क) प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आबद्ध गर्ने ।

(ख) प्रशिक्षण कार्यक्रमलाई नेपाल सरकार र संस्थानको विकास कार्यक्रमसँग आबद्ध गर्ने ।

(ग) नेपाल सरकार र संस्थानको कर्मचारीहरुमा विकासमूलक ज्ञान र सीप वृद्धि गरी प्रशिक्षणलाई वृत्ति विकाससँग आबद्ध गर्ने ।

## परिच्छेद - ३

## प्रशिक्षण परिषद् र कार्यकारी समितिको गठन, काम, कर्तव्य र अधिकार

७. प्रशिक्षण परिषद्को गठन : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय बमोजिमका सदस्यहरु भएको प्रशिक्षण परिषद्को गठन हुनेछः-

(क) माननीय सामान्य प्रशासन मन्त्री वा राज्यमन्त्री - अध्यक्ष

(ख) माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - सदस्य

(ग) अध्यक्ष, लोकसेवा आयोग - सदस्य

(घ) उपकुलपति, त्रिभुवन विश्वविद्यालय - सदस्य

(ङ) मुख्य सचिव, मन्त्रिपरिषद् सचिवालय - सदस्य

(च) सचिव, सामान्य प्रशासन मन्त्रालय - सदस्य

(छ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ज) प्रतिष्ठानको कार्यकारी निर्देशक - सदस्य-सचिव

(२) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

(३) परिषद्को बैठकको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

८. परिषद्को काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र लेखिएको कामको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने ।

(ख) प्रतिष्ठानको नियमावली बनाउने र विनियम स्वीकृत गर्ने ।

(ग) प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने ।

(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगति सम्बन्धी समीक्षा एवं मूल्याङ्कन गर्ने र बजेट स्वीकृत गर्ने ।

(ङ) समितिलाई आवश्यक निर्देशन दिने ।

९. कार्यकारी समितिको गठन : (१) प्रष्ठानको उद्देश्य एवं नीति अनुरुप प्रशिक्षण एवं अनुसन्धान कार्यक्रमलाई सुव्यवस्थित रुपले सञ्चालन गर्न गराउन देहाय बमोजिमका सदस्यहरु भएको कार्यकारी समितिको गठन हुनेछ :-

(क) प्रतिष्ठानको कार्यकारी निर्देशक - अध्यक्ष

(ख) सचिव, सामान्य प्रशासन मन्त्रालय - सदस्य

(ग) सचिव, कानून तथा न्याय मन्त्रालय - सदस्य

(घ) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ङ) सचिव, लोकसेवा आयोग - सदस्य

(च) सचिव, राष्ट्रिय योजना आयोग - सदस्य

(छ) नेपाल सरकारबाट मनोनीत तीन जना व्यक्ति - सदस्य

(ज) परिषद्ले तोकेको प्रतिष्ठानको उपकार्यकारी निर्देशक - सदस्य-सचिव

(२) समितिले आवश्यक देखेमा विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । त्यस्ता मनोनीत सदस्यहरुले पाउने पारिश्रमिक तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) समितिको बैठकको गणपूरक सङ्ख्या तथा अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१०. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

कानून तथा न्याय मन्त्रालय

(क) नेपाल सरकार र संस्थानहरुको कर्मचारीहरुको लागि उपयुक्त प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ख) प्रशासकीय समस्याहरु तथा तिनका समाधानका उपायहरु बारेमा समय समयमा सभा र गोष्ठी एवं सम्मेलनको आयोजना गर्ने ।

(ग) अनुसन्धान, परामर्श सेवा एवं सूचना सेवा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) अन्य मुलुकका प्रशिक्षण सम्बन्धी संस्थानहरु र अन्तर्राष्ट्रिय संस्थाहरुसित सम्पर्क राखी आफ्नो प्रशिक्षण कार्यमा सघाउ पुऱ्याउने ।

(ङ) परिषद् मार्फत नेपाल सरकारलाई राष्ट्रियस्तरमा प्रशिक्षण सम्बन्धी नीति तर्जुमा गर्न राय सल्लाह दिने ।

(च) प्रतिष्ठानको प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने ।

(छ) परिषद् मार्फत नेपाल सरकार र संस्थानहरुको विभिन्न क्षेत्रसित सम्बन्धित प्रशिक्षण कार्यक्रमहरुको बीचमा समन्वय ल्याउन नेपाल सरकारलाई आवश्यक राय सल्लाह दिने ।

(ज) प्रतिष्ठानको दीर्घकालीन योजना तर्जुमा गर्ने ।

(झ) प्रतिष्ठानको वार्षिक कार्यक्रम र बजेट तयार गर्ने ।

(ञ) प्रतिष्ठानको लागि आवश्यक कर्मचारीहरुको दरबन्दी सृजना गर्ने र तिनीहरुको नियुक्ति गर्ने ।

(ट) प्रशिक्षण कार्यक्रमहरुको मूल्याङ्कन गर्ने, गराउने ।

(ठ) प्रशिक्षणको क्षेत्रमा नेपाल सरकार र अन्तर्राष्ट्रिय संस्थाहरुको बीच सम्पर्क माध्यमको रुपमा काम गर्ने ।

(ड) प्रशिक्षणलाई कार्यक्रममूलक तथा व्यवहारिक बनाउन विभिन्न क्षेत्रमा अनुभवी व्यक्तिहरुको सेवा आवधिक रुपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने ।

(ढ) प्रतिष्ठानको तोकिएको रकम भन्दा बढीको सम्पत्ति बेचबिखन गर्नु पर्दा परिषद्को स्वीकृति लिने ।

(ण) ऐन, नियम वा विनियमको अधीनमा रही प्रशिक्षण सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद - ४

## प्रतिष्ठानका कर्मचारीहरु एवं निजहरुको सेवा शर्त सम्बन्धी व्यवस्था

११. प्रतिष्ठानका कर्मचारीहरु सम्बन्धी व्यवस्था : (१) प्रतिष्ठानमा निम्न किसिमका कर्मचारीहरु रहने छन् :-

(क) प्रशासकीय,

(ख) प्राध्यापन तथा अनुसन्धान ।

(२) प्रतिष्ठानको प्रमुखको रुपमा एक जना कार्यकारी निर्देशक रहनेछ । निजको नियुक्ति नेपाल सरकारबाट हुनेछ । निजको कार्यावधि पाँच वर्षको हुनेछ र नेपाल सरकारले चाहेमा निजको कार्यावधि पुन: बढीमा पाँच वर्षको लागि थप गर्न सक्नेछ ।

(३) प्रतिष्ठानमा अन्य कर्मचारीहरु आवश्यकता अनुसार रहने छन् ।

(४) प्रतिष्ठानका कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त एवं सुविधा तोकिए बमोजिम हुनेछ ।

१२. कार्यकारी निर्देशक र अन्य कर्मचारीहरुको काम, कर्तव्य र अधिकार : (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) परिषद् तथा समितिको निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ख) प्रतिष्ठानको दीर्घकालीन योजना र वार्षिक कार्यक्रम तथा बजेट समिति मार्फत परिषद्मा स्वीकृतिको लागि पेश गर्ने ।

(ग) परिषद्बाट स्वीकृत प्रतिष्ठानको दीर्घकालीन योजना र वार्षिक कार्यक्रमको कार्यान्वयन गर्ने ।

(घ) प्रतिष्ठानका प्रगति विवरणहरु समय समयमा समितिमा प्रस्तुत गर्ने, गराउने ।

(ङ) प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, गराउने ।

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसँग अनुवन्धित कार्यक्रम तथा अन्य सहयोग बारे सम्बन्धित पक्षसँग आवश्यक छलफल गरी समितिमा स्वीकृतिको लागि पेश गर्ने, गराउने ।

(छ) प्रतिष्ठान सम्बन्धी अन्य कार्यहरु गर्ने, गराउने ।

(२) कार्यकारी निर्देशक बाहेक अन्य कर्मचारीहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## कोष, हिसाब र लेखापरीक्षण

१३. प्रतिष्ठानको कोष : (१) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) प्रतिष्ठानको कोषमा निम्न लिखित रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम ।

(ख) कुनै विदेशी सरकार र अन्तर्राष्ट्रिय संघ संस्थाहरुबाट प्राप्त हुने रकम ।

(ग) परामर्श सेवा एवं अनुसन्धान कार्य गरे बापत प्राप्त हुने रकम ।

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

(३) कोषको सबै रकम नेपालको कुनै वाणिज्य बैङ्कमा जम्मा गरिनेछ ।

(४) प्रतिष्ठानको आफ्नो उद्देश्य अनुरुपको कार्य गर्नको लागि चाहिने खर्चको रकमहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१४. हिसाब राख्ने तरिका : प्रतिष्ठानको आम्दानी खर्चको हिसाब परिषद्बाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिनेछ ।

१५. लेखापरीक्षण : (१) प्रतिष्ठानको हिसाबको लेखापरीक्षण परिषद्बाट नियुक्त भएको लेखापरीक्षकले गर्नेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## प्रशिक्षण पद्धति, प्रशिक्षण सामग्री एंव पाठ्यक्रम

१६. प्रशिक्षण यकिन गर्ने : (१) प्रतिष्ठानले नेपाल सरकारको प्रशासन र संस्थानहरुको व्यवस्थापन क्षेत्रको लागि आवश्यक प्रशिक्षणको यकिन गर्न समय समयमा सर्भेक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सर्भेक्षणको प्रतिवेदनको आधारमा प्रशिक्षणको पाठ्यक्रम तथा कार्यक्रम निर्धारण गरिनेछ ।

१७. अन्य प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन : (१) प्रतिष्ठानले नेपाल सरकारको प्रशासन र संस्थानहरुको व्यवस्थापन क्षेत्रमा सञ्चालन भइरहेको अन्य प्रशिक्षण कार्यक्रमहरुको समय समयमा मूल्याङ्कन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएका मूल्याङ्कनको आधारमा प्रतिष्ठानले आफ्नो प्रशिक्षण कार्यक्रममा आवश्यकता अनुसार संशोधन वा परिवर्तन गर्न सक्नेछ र अन्य प्रशिक्षणको हकमा त्यसरी संशोधन वा परिवर्तन गर्न परिषद् मार्फत नेपाल सरकारलाई सुझाव दिन सक्नेछ ।



कानून तथा न्याय मन्त्रालय

१८. <u>प्रशिक्षण पद्धति</u> : प्रशिक्षार्थीहरुको समूह तथा विषयको प्रकृति हेरी उपयोगी एवं प्रभावकारी आधुनिक प्रशिक्षण प्रविधिहरु प्रशिक्षण कार्यक्रममा प्रयोग गरिनेछ ।

१९. <u>प्रशिक्षण सामग्री</u> : प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमहरुको लागि नेपालको आर्थिक, सामाजिक, राजनैतिक एवं सांस्कृतिक परिप्रेक्ष्यमा मेल खाने र सैद्धान्तिक दृष्टिकोणबाट उपयोगी हुने प्रशिक्षण सामग्रीहरुको व्यवस्था गरिनेछ ।

२०. <u>पाठ्यक्रम</u> : प्रशिक्षण कार्यक्रमलाई बढी फलदायी एवं प्रभावकारी बनाउन पाठ्यक्रममा सैद्दान्तिक एवं व्यवहारिक दुवै पक्षमा जोड दिइनेछ ।

## परिच्छेद - ७

## <u>विविध</u>

२१. <u>प्रतिवेदन प्रकाशित गर्नु पर्ने</u> : प्रतिष्ठानले प्रत्येक वर्ष प्रतिष्ठानको क्रियाकलाप सम्बन्धी प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशित गर्नु पर्नेछ ।

२२. <u>अधिकार प्रत्यायोजन</u> : समितिले यो ऐन बमोजिम आफूले पाएको अधिकार मध्ये सबै वा केही अधिकार प्रतिष्ठानको कार्यकारी निर्देशक वा अन्य कुनै कर्मचारीहरुलाई प्रत्यायोजन गर्न सक्नेछ । कार्यकारी निर्देशकले ऐन नियम अन्तर्गत आफूले पाएको अधिकारमध्ये सबै वा केही अधिकार प्रतिष्ठानको उपकार्यकारी निर्देशक वा अन्य कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. <u>नेपाल सरकारसँग सम्पर्क</u> : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा सामान्य प्रशासन मन्त्रालय मार्फत सम्पर्क राख्नेछ ।

२४. <u>नियम तथा विनियम बनाउने</u> : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) प्रतिष्ठानको अन्य आवश्यक काम कारबाहीको लागि उपदफा (१) अन्तर्गत बनेको नियमावलीको अधीनमा रही समितिले आवश्यक विनियम बनाउन सक्नेछ र त्यस्तो विनियम परिषद्बाट स्वीकृत भएपछि लागू हुनेछ ।

---

<u>दृष्टव्य</u> :- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।